# हनुमाननगर कंकालिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. :२०८२/०८३
च.नं. : २९८२

मितिः-२०८३/०२/११

**विषयः- निर्माण कार्यमा भएको ढिलाइ र सो सम्बन्धमा ध्यानाकर्षण ।**

श्री न्यू छिन्नमस्ता निर्माण सेवा,
रुपनी गा.पा.-०२, सप्तरी, नेपाल ।

उपरोक्त विषयमा यस हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत वडा स्तरीय योजना मध्ये वडा नं.०४ अन्तर्गत **"सा. वडा नं.७ अधुरो डगरिन माई मन्दिर निर्माण कार्य"** को निर्माणका लागि तपाईंको कम्पनी सँग मितिः-२०८२/१२/१९ मा निर्माण सम्झौता भएको व्यहोरा अवगत नै छ । उक्त सम्झौता अनुसार सम्पूर्ण निर्माण कार्य मितिः-२०८३/०२/३० गते भित्र कार्य सम्पन्न भइसक्नुपर्ने प्रावधान रहेको छ ।

तर सम्झौता अवधि समाप्त हुन लाग्दा समेत हालसम्म कार्य संचालन भएको देखिदैन । निर्माण कार्यमा भएको यस प्रकारको अत्याधिक ढिलाइले गर्दा हाम्रा दैनिक गतिविधिहरु प्रभावित हुनुका साथै हामीले आर्थिक क्षति व्यहोर्नु परिरहेको छ । बारम्बार मौखिक रुममा ताकेता गर्दा समेत निर्माण कार्य संचालन हुन नसकेकाले यो औपचारिक पत्र पठाउनु परेको हो ।

अतः यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा सम्पर्क गरि कार्यस्थमा जनशक्ति र सामग्रीको व्यवस्था गरी निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाउन हुन अनुरोध गरिन्छ । अन्यथा, सम्झौता बमोजिम ढिलाइ बापत जरिवाना असुल गरिने र सम्झौता रद्द गरी कानुनी प्रकिया अगाडि बढाउन हामी बाध्य हुने व्याहोरा समेत यसै पत्रद्वारा अवगत गराइन्छ ।

२।११

..................
रमेश प्रसाद यादव
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
१.श्री वडा कार्यालय, वडा नं.-०४(जानकारीका लागि)
२.श्री सुचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गर्नु हुन ।



CamScanner